# भेरीगंगा नगरपालिका कार्यालय
## सुर्खेत
## Bheriganga Municipality
Surkhet

Fax ०८३– ५४०११०

Phone ०८३– ५४०१५४

प.सं. :- ०७२/०७३

**च नं :**

**मिति : २०७३/४/१**

**विषय : सामाजिक सुरक्षा भत्ताको निमित्त फारम भर्ने सम्बन्धमा ।**

जो जससँग सम्बन्धित छ,

प्रस्तुत विषयमा यस भेरीगंगा नगरपालिकामा बसोबास गर्दै आएका तपशिल बमोजिमका नागरिकहरुले आर्थिक बर्ष २०७४/०७५ का लागि यस नगरपालिकाबाट सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०६९ बमोजिम भत्ता/वृत्ति/अनुदान पाउने लक्षित समूहले २०७४ साल असार मसान्तभित्र उमेर पुग्ने नागरिकहरूले आ-आफ्नो वडा कार्यालयमा साउनदेखि मंसिर १५ गतेसम्ममा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति पासपोर्ट साइजको फोटोसहित दरखास्त दिनुहुन सबैमा अनुरोध गरिन्छ ।

**तपशिल**

**(क) जेष्ठ नागरिक :** (१) सत्तरी वर्ष उमेर पूरा भएका सबै नागरिक,

(२) साठी वर्ष उमेर पूरा भएका सबै दलित नागरिक ।

**(ख) लोपोन्मुख आदिवासी/जनजाति**

**(ग) साठी वर्ष उमेर पुगेका देहायको अवस्था भएका सबै एकल महिला :** (१) विवाह नगरी बसेका एकल महिला (२) सम्बन्ध विच्छेद भएका एकल महिला

**(घ) विधवा महिला : पतिको मृत्युभएका सबै विधवा महिला**

**ङ) अशक्त अपाङ्गता भएका व्यक्ति :** (१) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति : जिल्लास्थित महिला तथा बालबालिका कार्यालयबाट रातो रंगको परिचयपत्र प्राप्त गरेका नागरिकहरू ।

(२) आंशिक अशक्त अपाङ्गता भएका निलो कार्ड प्राप्तभएका नागरिकहरु ।

**च) दलित बालबालिका : ५ बर्ष मुनीका सबै दलित बालबालिका**

**पुनश्च :** यही साउनबाट मंसीर १५ गतेसम्म यस नगरपालिकाको वडा कार्यालयमा आई तोकिएको फारम भरी आफ्नो परिचय प्राप्त गर्नुहुन सबैमा अनुरोध गरिन्छ । अन्यथा नगरपालिकाले परिचयपत्र प्रदान गर्न नसक्ने सबैमा जानकारी गराइन्छ ।

रामप्रसाद शर्मा
कार्यकारी अधिकृत